# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २२२ काठमाडौं मंगलबार, २६ मंसिर २०८० Prabhab National Daily Tuesday, December 12, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


## शेखर गगन जोड्ने कसरतमा केसी

आजका लागि डाकिएको बैठकमा नजाने गगनको अड्डीपछि डा शेखर बैठक सार्न राजी

दुई नेताबीच बढेको टकराव मत्थर गराउन गगनका ससुरासमेत रहेका कांग्रेस नेता अर्जुननरसिंह केसीको प्रयास

पछिल्लो समय केदार कार्कीलाई कोशीको मुख्यमन्त्री बनाएपछि शेखरसँग गगन असन्तुष्ट बनेका थिए


डा शेखर कोइरा


अर्जुन नसिंह केसी


गगन थापा

■ प्रभाव संवाददाता

**काठमाडौं–** डा शेखर कोइराला र महामन्त्री गगन थापाको टकरावका कारण कांग्रेस संस्थापनइतर कमजोर बन्दै गएपछि अर्जुन नरसिंह केसी यो समूह मिलाउन लागिपरेको छ । मंगलबारका लागि डा शेखरले डाकेको बैठकमा गगनले असन्तुष्टि जनाएपछि केसीले सोमबार साँझ दुबैलाई डाकेर टकराव मत्थर गराउने सुत्र खोजे ।

उक्त भेटपछि शेखरले बैठक बुधबारका लागि सारिएको छ । बैठकमा गगनसमेत आउने पक्का भएको सहमहामन्त्री जीवन परियारले बताए । 'बैठक एक दिनका लागि सारिएको हो । महामन्त्री थापा पनि आउनुहुन्छ,' परियारले भने । नेता केसी महामन्त्री थापाका ससुरासमेत हुन्, जसले इतर संस्थापन पक्षका नेताबीच विगतदेखि नै मेलमिलाप प्रयास गर्दै आएका छन् । संघीय मन्त्रिपरिषद गठनबाटै संस्थापनइतरमा बेमेल शुरु भइसकेको थियो । कोशीमा केदार कार्की मुख्यमन्त्री बनेयता दुई नेताको दुरी झन बढ्न थालेको हो ।

पार्टीमा सभापति शेरबहादुर देउवाको मनपरी बढेको भन्दै एक भएर महाधिवेशन उत्रेका दुई नेताको अहिले बोलचाल नै बन्द थियो । देउवाले महासमिति बैठक पटक-पटक सारेपछि शेखर पक्षले मंगलबार बत्तीसपुतलीस्थित अनुपम फुडल्यान्डमा बैठक डाकेका थिए । उक्त बैठकमा गगनको उपस्थिति हुनुपर्ने माग संस्थापनइतरका युवा नेताहरूले गरेका थिए । देउवाको एकलौटीविरुद्ध १४औं महाधिवेशनमा डा. शेखर र गगन 'टिम अप' गरी भिडेका थिए ।

सभापतिमा देउवाले जित निकाल्दा महामन्त्रीमा गगन निर्वाचित भए । कोशी प्रदेशमा शेखर समूहका नेता केदार कार्की मुख्यमन्त्री भएसँगै शेखर गगनको दुरी झनै बढेको हो । कोशी प्रकरणमा असन्तुष्ट जनाएका गगनले आफूले महिना दिनयता नेता शेखरलाई नभेटेको भन्दै कात्तिक २ गते असन्तुष्टि पोखेका थिए । अनुपम फुडल्यान्डमा आयोजित एक कार्यक्रममा गगनले भनेका थिए, 'वरिष्ठ नेताजीसँग एक महिना जति भयो भेट नभएको । पत्रपत्रिकामा पढिरहेको छु ।'

ठिक एक महिनाअघि असोज २ गते डा शेखरले आफ्नो सचिवालय बालुवाटारमा आफू इतरका नेताहरूको भेला डाकेका थिए । उक्त बैठकमा अर्का महामन्त्री विश्वप्रकाश शर्मा र प्रदीप पौडेललाई पनि निम्तो दिइएको थियो । दुबै जना अनुपस्थित हुँदा गगन भने बैठकमा पुगेका थिए ।

यही विषयमा कोशीका मुख्यमन्त्री कार्कीले ओखलढुंगा पुगेर गगनमाथि असन्तुष्टि पोखेका थिए । मंसिर १९ गते ओखलढुंगामा भएको कांग्रेसको जिल्ला सम्मेलनमा थापालाई लक्षित गर्दै कार्कीले भनेका थिए, 'अरूले नै लगिसकेको मुख्यमन्त्री मैले खोसेर ल्याउँदा केही मान्छेलाई पचेन। बोमिट आयो ।' कोशीमा एमालेसँग गठबन्धन गरी कांग्रेसले माओवादीबाट मुख्यमन्त्री आफ्नो पोल्टामा पारेको थियो । सत्ता गठबन्धनले माओवादीका इन्द्र आङ्बोलाई मुख्यमन्त्रीमा समर्थन गरेपछि शेखर पक्षले विद्रोह गरी कार्कीलाई मुख्यमन्त्री बनाएका थिए । पछि कार्कीलाई गठबन्धनले नै मुख्यमन्त्री स्वीकारिसकेको छ ।

## ओलीको गाली, कार्यकर्ताको ताली

■ जेबी योञ्जन











**काठमाडौं–** नेपाली राजनीतिमा विपक्षीविरुद्ध हाँस्यपरक शैलीमा चर्को आलोचना गर्न माहिर राजनीतिज्ञ मानिन्छन्, एमाले अध्यक्ष केपी शर्मा ओली । पूर्वप्रधानमन्त्रीसमेत रहेका उनी केही दिनयता लगातार सरकारविरुद्ध चर्का अभिव्यक्ति दिँदै हिँडिरहेका छन् । कहिलेकाहीँ भने उनी देशको अन्तिम राजा ज्ञानेन्द्र शाह त कहिले विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंविरुद्ध खनिन्छन् ।
१४ मंसिरमा सुरु 'झुलाघाट-चिवाभञ्ज्याङ' संकल्प यात्राको खास उद्देश्य मध्यपहाडी लोकमार्ग क्षेत्रमा 'समृद्धिको आधार पहिचान गर्ने' भन्ने हो । एक वर्षअघि भारतीय कंग्रेसले शुरु गरेको भारत जोडो यात्राको झल्को दिने गरी ओली आफैंले संकल्प यात्राको उद्घाटन झुलाघाटमा गर्दै भनेका थिए, 'देशको समग्र विकासको खाका कोर्न यात्राले सहयोग पुग्ने छ ।'

तर, देश समृद्धिको संकल्पभन्दा पनि सरकार र अन्य विरोधी समूहविरुद्ध गाली बर्साउने ओली संकल्पभन्दा फरक नपर्ने देखिएको छ । उनी नेतृत्वको एमालेको संकल्प यात्रा विपक्षीहरूलाई हियाउन मात्रै रहेको चर्चा पनि हुन थालेको छ । हुन पनि उनले संकल्प यात्राको उद्घाटन गरेकै दिन अन्तिम राजा शाह
र प्रसाईंलाई हियाए ।

'उहिले राजतन्त्र थियो । अहिले सालिक बनाएर श्री ५ महाराजाधिराज लेखेर तमासा गर्ने असंवैधानिक काम भइरहेको छ', आफ्नै गृहजिल्ला झापामा यही मंसिरको दोस्रो साता पृथ्वीनारायण शाहको शालिकमा राखिएको शिलालेखमा लेखिएको व्यहोराबारे असन्तुष्टि पोख्दै ओलीले भने ।

यात्राको क्रममा १७ मंसिरमा दैलेख पुगेर उनले फेरि राजसंस्था र हिन्दुधर्मको पक्षमा रहेका शाह र प्रसाईंलगायतविरुद्ध अभिव्यक्ति दिए ।

> कार्यकर्ताको ताली बटुल्न ओलीले के सम्म गरेनन्, डडेल्धुरा पुगेर कांग्रेस सभापति शेरबहादुर देउवालाई 'जय नेपाल' भन्न भ्याए त यात्राकै क्रममा भेंडाको ऊनी स्वेटर बुन्नेदेखि किन्ने काम गरे । यतिमात्र हैन, सिन्धुपाल्चोक पुगेर ओलीले डम्फु र ढ्याङ्ग्रो बजाउनसमेत भ्याएका उनले दोलालघाट पुगेर माछा तारे ।

उनीहरूलाई देशद्रोहीसमेत भन्न भ्याए । उनका अनुसार लोकतन्त्र पञ्चायती व्यवस्थाभन्दा ठीक हुनै सक्दैन ।

'कोही प्रतिगमनतिर फर्किने कुरा गर्दैछ भने त्यो देशद्रोही हो, त्यो लोकतन्त्रविरोधी हो । त्यो जनतालाई सधैं गरिब राख्न खोज्ने कुरा हो', ओलीले आक्रोशति हुँदै भने, 'आज लोकतान्त्रिक गणतन्त्रको कसैले विरोध गर्छ भने त्यो नेपाल र नेपालीको हितविपरीत सोचिरहेको छ ।'

१७ मंसिरमा सुर्खेत पुगेका ओलीले त्यहाँ पनि गाली गर्न भ्याए । उनकै गृह प्रदेश कोशीमा १० महिनादेखि पहिचानवादीहरू आन्दोलित रहेको तर्फ लक्षित गर्दै ओलीले देशमा विखण्डनको बीउ रोपेको आक्षेप लगाए । आन्दोलनरत पक्षको माग प्रदेशको नाम कोशी खारेजी गरेर पहिचानको आधारमा राख्नुपर्ने भन्ने छ । उनीहरू ओलीलगायत नेताहरूविरुद्ध आक्रोशित छन् । उनै पहिचानवादीहरूलाई ओलीले सत्ता गठबन्धनबाट परिचालित रहेको आक्षेप लगाए । 'देश विखण्डन गर्न खोजिँदैछ । विखण्डको बीउ रोपिएको छ र देशको सामाजिक अवस्था पनि निकै डरलाग्दो भएर अघि बढ्दैछ । तर, सरकार कानमा तेल हालेर बसेको छ । यो अवस्था गठबन्धन सरकारले नै ल्याएको हो ।'

सोही दिन ओलीले अछाम पुगेर सरकारविरुद्ध आक्रोश ओकले । हत्याराहरू सरकारमा रहेको टिप्पणीसमेत गरे । गत निर्वाचनमा अछाममा एमालेनिकट युवक विनोद शाहीको हत्या भएको प्रसंग कोट्याउँदै ओलीले यसो भनेका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारसम्बन्धी तालिम सञ्चालन गर्ने नयाँ कार्यविधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जान चाहने श्रमिकलाई दिने विभिन्न किसिमका सीपमुलक तालिम सञ्चालनका लागि आवश्यक मापदण्ड निर्माण गर्दै 'वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि तालिम सञ्चालन गर्ने संस्थाको लागि आवश्यक न्यूनतम मापदण्ड सम्बन्धी कार्यविधि, २०८० ' ल्याएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारमा जाने श्रमिकको लागि सीपमूलक, व्यवसायिक तथा गन्तव्य मुलुकको कानून, भाषा, संस्कृति, रहनसहन सम्बन्धी तालिम प्रदायक संस्थालाई नियमन गर्न न्युनतम मापदण्ड आवश्यक रहेको भन्दै उक्त कार्यविधि ल्याएको हो ।

गत हप्ता मन्त्रालयले स्वीकृत गरेपछि उक्त कार्यविधि कार्यान्वयनमा आइसकेको छ । कार्यविधि लागू भएपश्चात तालिमप्रदायक संस्थाहरूले तोकिएबमोजिम अनिवार्य मापदण्ड पालना गर्नुपर्ने छ । कार्यविधिमा वैदेशिक रोजगारमा जाने श्रमिकहरूका लागि सञ्चालन गरिने तालिमका १३ वटा मुख्य क्षेत्रहरूसमेत किटान गरिएको छ । जसमा हाउस किपिङ, सरसफाई, बगैंचासम्बन्धी, खाना पकाउने, सुरक्षा पाले, रंग लगाउने, वेल्डिङ, बिजुली मर्मतसंभार, प्लम्बिङ, स्याहारसुसार, कपाल काट्ने, कुलिनरी आर्ट र हस्पिटालिटि सर्भिस रहेका छन् । उल्लेखित तालिमका क्षेत्रहरू मन्त्रालयले आवश्यकता अनुसार थपघट गर्न सक्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

कार्यविधिअनुसार अब जोकोहीले पनि तालिम प्रदान गर्ने संस्था सञ्चालन गर्न नपाउने भएका छन् । कार्यविधिले संस्था सञ्चालकको पनि योग्यता निर्धारण गरेको छ । तालिमप्रदायक संस्थाको सञ्चालकमध्ये कम्तीमा एक जना स्नातक उत्तीर्ण हुनुपर्ने, वैदेशिक रोजगारसम्बन्धी एक वर्ष तालिम सञ्चालनको अनुभव भएको हुनुपर्ने, नैतिक पतन हुने फौजदारी अभियोग वा वैदेशिक रोजगार सम्बन्धी कसुरमा सजाय नपाएको र संस्था स्थापना अघि वैदेशिक रोजगारमा श्रमिक पठाउने संस्था, घरेलु तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्थामा आवद्ध भई खारेजीमा नपरेको हुनुपर्ने मापदण्ड तोकिएको छ ।

> रोजगारमा जाने श्रमिकहरूका लागि सञ्चालन गरिने तालिमका १३ वटा मूख्य क्षेत्रहरूसमेत किटान गरिएको छ । जसमा हाउस किपिङ, सरसफाई, बगैंचासम्बन्धी, खाना पकाउने, सुरक्षा पाले, रंग लगाउने, वेल्डिङ, बिजुली मर्मतसंभार, प्लम्बिङ, स्याहारसुसार, कपाल काट्ने, कुलिनरी आर्ट र हस्पिटालिटि सर्भिस रहेका छन् ।

यसैगरी तालिम सञ्चालनका लागि संस्थाको भौतिक पूर्वाधारमामा पनि कार्यविधिले मापदण्ड बनाएको छ । जसमा तालिम केन्द्रको फैलावट ३५ सय वर्गफिट वा सात रोपनी क्षेत्रफल हुनुपर्ने, १० वटा चार पांग्रे र ५० वटा दुई पांग्रे सवारी साधन पार्किङ गर्न सकिने हुनुपर्ने, संस्थाको नाम र वैदेशिक रोजगार विभागबाट प्राप्त अनुमतिपत्र नम्बरसमेत देखिने गरी सर्वसाधारणले देख्ने स्थानमा बोर्ड राख्ने, सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने कक्षमा विद्युत तथा आवश्यक अन्य उपकरणहरू जडान गर्न मिल्ने र सभाहलको व्यवस्था हुनुपर्ने उल्लेख गरिएको छ । यस्तै एउटा कक्षामा २५ जना भन्दा बढी प्रशिक्षार्थी राख्न नपाइने, ६ सय वर्ग क्षेत्रफलको कम्तीमा १० वटा कक्षा हुनुपर्ने, एक पटकमा एउटा संस्थाले पाँचसय भन्दा बढीलाई तालिम दिन नपाइने, तलिममा सहभागि प्रशिक्षार्थी एवं प्रशिक्षकको अनिवार्य विद्युतीय हाजिरीको अभिलेख राख्नुपर्ने र फेइम्स प्रणालीसँग मेल खाने आई स्क्यानर राख्नुपर्ने कार्यविधिले व्यवस्था गरेको छ ।

यतिमात्र नभई कार्यविधिले संस्थामा राख्ने जनशक्ति र प्रशिक्षकसम्बन्धी व्यवस्थाको किटानी गरेको छ । साथै मनोसामाजिक परामर्शदाताको व्यवस्था गर्नुपर्ने, गन्तव्य मुलुकको वित्तीय शिक्षाको सामान्य जानकारी दिनुपर्ने र तालिममा सहभागीका लागि आवासको व्यवस्था गर्नुपर्ने छ । उल्लेखित कार्यविधि कार्यान्वयनमा कुनै द्विविधा वा अस्पष्ट हुन गएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा रहेको पनि उल्लेख गरिएको छ ।


## रुसी सेनामा दुई सय नेपाली रहेको सरकारी दाबी

**काठमाडौं (प्रस)–** सरकारले रुसी सेनामा झण्डै दुई सयको संख्यामा नेपालीहरू भर्ती भएको जनाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा प्रेस सेन्टर नेपालका पदाधिकारीको बैठकमा रुसी सेनामा भर्ती हुने नेपालीको संख्या दुई सय जना रहेको औपचारिक जानकारी आएको जानकारी दिएका हुन् ।

उनले कोही पढ्नका लागि, कोही भिजिट भिसामा गएका नेपाली रुसी सेनामा भर्ती भएको बताए । 'कोही भिजिट भिसा, कोही अध्ययन भिसा लिएर रुसमा पुगेका २ सय जना नेपाली रुसी सेनामा भर्ती भएको जानकारी आएको छ,' प्रधानमन्त्री दाहालले भने, 'अहिले उनीहरूको अध्ययन र खोजीको लागि आवश्यक पहल भइरहेको छ ।' त्यस्तै रुसी सेनामा भर्ती भएका केही नेपाली युक्रेनी सेनाको कब्जामा रहेका जानकारी पनि आएको प्रधानमन्त्रीले जानकारी दिए । उनले इजरायलमा प्यालेस्टिनी विद्रोही समूह हमासको आक्रमणमा बेपत्ता भएका विपिन जोशीको फिर्तीका लागि अन्तिम प्रक्रियातिर बढिरहेको पनि उल्लेख गरे ।




# कतारका प्रधानमन्त्रीसँग परराष्ट्रमन्त्री साउदको भेटवार्ता



**काठमाडौं–** परराष्ट्रमन्त्री एनपी साउद र कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल-थानीसँग भेटेका छन् । कतारको राजधानी दोहामा साउद र थानीबीच सोमबार भेटवार्ता भएको हो ।

भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री साउदले हमासद्वारा बन्दी बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको शीघ्र रिहाइका लागि थप सशक्त पहल गरिदिन विशेष अनुरोध गरेको स्वकीय सचिव दिपक जोशीले जानकारी दिए । परराष्ट्रमन्त्री साउदले हमाससँगको कतारको सम्पर्क, मध्यपूर्वको समस्यामा कतारले निर्वाह गरिरहेको सक्रिय मध्यस्थकर्ताको भूमिका एवम् कतार र नेपालबीचको जनस्तरलगायतको गहिरो र मित्रवत सम्बन्धका आधारमा यस जसरी मानवीय मामिलामा कतार अधिराज्यसँगको नेपाल सरकारले उच्च आशा गरेको बताए ।

जवाफमा कतारका प्रधानमन्त्री अल थानीले विपिन जोशीलगायत विदेशी बन्दीहरूको रिहाइका लागि कतार सरकारले उच्च प्रयास गरिरहेको बताए । उनले चाँडै सकारात्मक परिणाम आउनसक्ने संकेत समेत गरे । उनले नेपालसँगको सम्बन्धलाई कतार सरकारले प्राथमिकतामा रहेको पनि बताए ।

परराष्ट्रमन्त्री साउदले कतारका प्रधानमन्त्री अल थानीसँग व्यापार र लगानीका विषय, कतार फ्रन्ट फर डेभलपमेन्टबाट हुने विकास सहयोग, आगामी उच्चस्तरीय भ्रमण आदि विषयमासमेत कुराकानी गरेका थिए । परराष्ट्रमन्त्री साउद दोहामा जारी विभिन्न मुलुकका राष्ट्र प्रमुख, सरकार प्रमुख, विदेशमन्त्री, निजी क्षेत्र, थिंक ट्यांक, सञ्चारकर्मी सम्मिलित दोहा फोरम २०२३ मा प्यानलिस्टका रूपमा समेत सहभागी हुनुभएको स्वकीय सचिव जोशीले बताए ।

# भ्रामक सूचनाको प्रतिवाद गरौं : प्रधानमन्त्री

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विभिन्न ढङ्गबाट दुष्प्रचार गरेर जनतालाई भ्रममा पार्ने षडयन्त्र भइरहेको बताएका छन् । प्रेस सेन्टर नेपालका पदाधिकारीको तेस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै सोमबार प्रधानमन्त्री दाहालले झुठो प्रचार रोक्ने र जनतालाई सही सूचना दिने सञ्चार क्षेत्रको महत्वपूर्ण जिम्मेवारी भएको बताए ।

पछिल्लो समय संघीय लोकतान्त्रिक गणतन्त्र नरुचाउने तत्वले सरकार र त्यसको नेतृत्वविरुद्ध अनर्गल, कपोलकल्पित र झुठो प्रचार गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रामक सूचनाका विरुद्ध सही र सत्य जानकारी दिएर प्रतिवाद गर्न आग्रह गरे । प्रधानमन्त्रीका रूपमा आफूले राष्ट्र, जनता, संविधान र लोकतन्त्रका पक्षमा दृढतापूर्वक काम गरिरहेको उल्लेख गर्दै उनले सरकारले थालेका जनपक्षीय कामबाट आत्तिएका शक्तिले अनावश्यक भ्रम फैलाएको बताए ।

निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको सेयर खरिद बिक्रीका सम्बन्धमा आफूले संयुक्त अरब इमिरेट्स (युएई) मा आयोजित जलवायु सम्मेलनका क्रममा थाहा पाएको र उक्त विषयमा तत्कालै अध्ययन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको प्रधानमन्त्री दाहालको भनाइ थियो ।

'म युएईमा हुँदा एनसेल खरिद बिक्री भएको सुनेँ, यसमा सतर्कतापूर्वक अध्ययन गर्न निर्देशन दिएँ', दाहालले भने, 'स्वदेश फर्केको भोलिपल्ट मुख्यसचिवलगायत पदाधिकारीलाई यसबाट नेपालको कर प्रणाली, वैदेशिक लगानी तथा केही वर्षपछि सो कम्पनी नेपाल सरकारले प्राप्त गर्ने प्रावधानमा के कस्तो असर पर्छ भनेर अध्ययन गर्न निर्देशन दिएँ ।'

अस्वाभाविक देखिएको एनसेल खरिद बिक्रीको संवेदनशीलता र गम्भीरतालाई हेरेर आफूले गठबन्धनभित्र पनि छलफल गरेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भने, 'सेयर खरिद बिक्रीमा कैफियत छ ।

# संघीय संसद्का महासचिवको राजीनामा



**काठमाडौं–** संघीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राजीनामा दिएका छन् ।

सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार महासचिव डा गौतमले घरायसी कारणले आइतबार महासचिव पदबाट राजीनामा दिएका हुन् ।

महासचिव डा गौतम विसं २०५१ मा सेवामा प्रवेश गरेका थिए भने विसं २०७७ वैशाख २२ गते संसद्को महासचिव पदमा नियुक्त भएका थिए । रिक्त संघीय संसद्को महासचिव पदमा नेपालको संविधानको धारा १०६ बमोजिम प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्षको संयुक्त निर्णयबाट सचिवालयका सचिव पद्मप्रसाद पाण्डेको नाम सिफारिस गरिएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०८०/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. ३२१७५८ को **धनलक्ष्मी एग्रो फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**श्री खड्गदल गण कसरा ब्यारेकको**
**विद्युतिय सिलबन्दी कोटेशन (e-GP) आव्हानको सूचना**

सूचना नं.०५,०६,०७,०८ (दोस्रो पटक प्रकाशित मिति २०८०/०८/२६ गते)

आ.ब.०८०/८१ मा श्री खड्गदल गणमा नयां निर्माण तथा मर्मत कार्यहरु गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट सिलबन्दी कोटेशन आव्हान गरिएको हुंदा ईजाजत प्राप्त इच्छुक फर्महरुले विस्तृत जानकारीको लागि सार्वजनिक अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०५६-४११०२२ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ ।


## पृष्ठ १ बाट क्रमशः

### ओलीको गाली ...

उनले भने, 'एउटा मान्छे मारेर चुनाव जित्ने संस्कृति भनेको घिनलाग्दो हो । म विनोद शाहीलाई शहीद घोषणा गर्दछु । अहिले चुनाव जित्न मान्छे मार्नेहरू सरकारमा छन् ।' सरकारविरुद्धको ओलीको गालीमा कार्यकर्ताबाट बेजोड ताली पाउँछन् ।

कार्यकर्ताको ताली बटुल्न ओलीले के सम्म गरेनन्, डडेल्धुरा पुगेर कांग्रेस सभापति शेरबहादुर देउवालाई 'जय नेपाल' भन्न भ्याए त यात्राकै क्रममा भेँडाको ऊनी स्वेटर बुन्नेदेखि किन्ने काम गरे । यतिमात्र हैन, सिन्धुपाल्चोक पुगेर ओलीले डम्फु र ढ्याङ्ग्रो बजाउनसमेत भ्याएका उनले दोलालघाट पुगेर माछा तार्न ।

संकल्प अभियानअन्तर्गत ओली र अन्य नेताहरू आज उदयपुरको घुर्मी पुग्दैछन् । यो कोशी प्रदेशमा पर्छ । ओली नेतृत्वको अभियानलाई त्यहाँ पहिचानवादीहरूले प्रतिरोध गर्ने चेतावनी दिइरहेका छन् । एक जना पहिचानवादी नेता गोपाल किरातीले त घुर्मीमा चिहान खनिएको जस्ता हिंसात्मक अभिव्यक्ति दिइसकेका छन् । यस्तो बेला ओलीले पहिचानवादीहरूलाई लक्षित गर्दै कोशी कसैको बिर्ता नभएको बताए ।

'कसैको बिर्ता होइन कुनै भूभाग नेपालको । प्रवेश गर्न दिन्न, तोडफोड गर्छु, आक्रमण गर्छु, मारपिट गर्छु भन्नेखालका आतंककारी कुराहरू हामीले धेरै देखेका छौँ', रिसाउँदै ओलीले भने, 'यस्तो फुर्ती नलगाए हुन्छ । हामीले सामना गर्न नपरोस् ।'

संकल्प अभियानका क्रममा ओली जहाँ जहाँ पुगे, उनी त्यहाँ विरोधीहरूको उछितो काडिरहेका छन् । जसले गर्दा मध्यपहाडी लोकमार्ग क्षेत्रको समृद्धिको संकल्प छायाँमा परेको छ । जबकि, यसबेला देशको अर्थतन्त्र संकटग्रस्त नै छ । अर्कातिर, भूकम्प प्रभावित जाजरकोट र रुकुमपूर्वका स्थानीय १५ जना वृद्धवृद्धाले चिसोकै कारण मृत्युवरण गरिसके । बाँचेकाहरू त्रिपालमुनि बसेर जाडो छल्दै छन् । यस्तो परिस्थितिमा एमाले भने सरकार, पहिचानवादी, दुर्गा प्रसाईंको समूह र देशका अन्तिम राजा ज्ञानेन्द्रविरुद्ध अभिव्यक्तिमार्फत् होच्याइरहेका छन् । प्रचण्ड नेतृत्वको वर्तमान सरकारबारे ओली भन्छन्, 'सरकार गैरजिम्मेवार भएर इमान नभएर बसेको छ । नत्र राजीनामा दिएर हिँड्नुपर्ने हो । यो सरकारमा बसिरहन लाज नलागेर कसरी बसेको छ ? अचम्म लागेको छ ।'

ओलीले वर्तमान सरकारले छिमेकसँगको सम्बन्ध पनि बिगारेको आरोप लगाएका छन् । अहिलेको सरकारले चीनको सहयोग लिन डराएको ओलीको अर्को आरोप छ ।


**विमा लेख हराएको**

मिति २०७८/०७/२५ गते कुपनडोलदेखि लगनखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको एल आईसी नेपालको बिमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर दिन हुन विनम्र अनुरोध गर्दछु ।

नाम : चाँदनी भारती
विमालेख नंः १०००२०९०८
फोन नं.: ९८४१३१५८८३



**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०८/२६ मंगलबार**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जा सहकारी संस्थासँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि सो को जानकारी गराउदा समेत उक्त कर्जाको साँवा व्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भई ऋणीले सहकारी संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही लिलाम बढाबढ/गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि मिति २०७९/११/०५ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा ऋणीले केही समयको लागि लिलामी प्रक्रिया स्थगीत गरिदिएमा आफुले कर्जा चुक्ता गर्ने भनि मिति २०७९/१२/०८ गते यस संस्थामा आई निवेदन दिए पश्चात संस्थाले लिलामी प्रक्रिया रोकिदिंदा पनि हाल सम्म पनि कर्जा भुक्तानी नगरेको हुँदा पुनः धितो लिलाम सम्बन्धी दोश्रो पटक यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरू लिलाम बढाबढ/गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको बिवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|---|
| १. | नाम थर : अनुपम सापकोटा<br>बाबुको नाम : अम्बिका प्रसाद सापकोटा<br>बाजेको नाम : देवी चरण सापकोटा<br>स्थायी ठेगाना : बलखु - ८ ओखलढुंगा<br>हालको ठेगाना : सुनाकोठी - १४ ललितपुर  | नाम थर : आशा घिमिरे<br>पतिको नाम : अनुपम सापकोटा<br>स्थायी ठेगाना : बलखु - ८ ओखलढुंगा<br>हालको ठेगाना : सुनाकोठी -१४ ललितपुर | अनुपम सापकोटाको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक ललितपुर उप-महानगरपालिका वडा नं ०५, कित्ता नं ४३९, ४४१ को क्षेत्रफल क्रमश ०-१-२-१ र ०-२-२-२, १३३.१४ व.मि.क्षेत्रफलको जग्गा र सो जग्गामा रहेको लिगलिगापात समेत |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मुख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु.५००/- तिरि प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभु बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नः ११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै व्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**सिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान**

मिति : २०८०/०९/११ गते, बुधबार
समय : अपरान्ह २:३० बजे
स्थान : संस्थाको मुख्य कार्यालय, चावहिल, चुच्चेपाटी ।

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुर्नमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं. ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DULCIS SWEETS AND PASTRIES COMPANY.
पुर्व स्वीकृति मिति २०८०/०८/२४ LT No :296258 चलानी नं. ६०२११२६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 40 | 0 | 150 | ६४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NIKHI HOUSE FOR SNACKS
पुर्व स्वीकृति मिति २०८०/04/१८ पुर्व स्वीकृति मिति २०८०/०८/२५ LT No :290263 चलानी नं. ६०२०५५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant | 4 | 0 | 150 | ६४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 130 | ५६२५५ | | | | | | | |

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY.
पूर्व स्वीकृति मिति २०८०/०१/२१ पूर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 285485 चलानी नं.६०२००९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 0 | 21 | 85 | ३६७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SAUDI SOLIDARITY READY MIX CONCRETE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 296165 चलानी नं. ६०२११३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL RUWAIS CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 296304 चलानी नं. ६०२११३५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३५६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GOLDEN MAX READY MIX CONCRETE COMPANY
पुर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. 296214 चलानी नं. ६०२११२९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMI AND MUATH ABDUL RAHMAN AL LUHAIDAN TRADING, CONTRACTING AND TRANSPORTATION COMPANY
पुर्व स्वीकृति मिति २०८०/04/२४ पुर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 290582 चलानी नं. ६०२०५८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mobile Support Contracting Co. Ltd.
पुर्व स्वीकृति मिति २०८०/०८/01 पुर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 294987 चलानी नं. ६०२१००७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1800 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६४,०८५ | | | | | | | |

कम्पनी : ZIAD KHALID BIN ABDULLAH AL-ZOMAN TRADING EST
पुर्व स्वीकृति मिति २०८०/०८/03 पुर्व स्वीकृति मिति २०८०/०८/२५ LT. No. 295226 चलानी नं. ६०२१०२१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1000 | ३५६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# एमालेको मनोबल बढेको छ : ओली

**काठमाडौं–** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जनताको समर्थनले एमालेको मनोबल र आत्मविश्वास बढेको बताएका छन् ।

झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्राको क्रममा आज दोलखाको चरिकोटमा आयोजित सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले यात्राका क्रममा नागरिकले माया, ममता, स्वागत र आत्मीयपन देखाएको बताएण । गौरीशंकरको काखमा रहेको कालिञ्चोक भगवती र दोलखा भीमसेनको आशीर्वादप्राप्त दोलखा धार्मिक र प्राकृतिक हिसाबले भरपुर रहेको ओलीको भनाइ थियो ।

एमालेको यात्राका क्रममा बालबालिका सहभागितालाई लिएर बालबालिकाको प्रयोग गरिएको भनि गरिएको प्रचारको अध्यक्ष ओलीले त्यस अवसरमा आलोचना गरे । एमालेले सुरु गरेको यो अभियान राष्ट्रिय उत्सवको अभियान भएकाले त्यसमा बालबालिकाले सहभागिता जनाउनु स्वाभाविक भएको उनको भनाई रह्यो ।

अध्यक्ष ओलीले युवालाई देशमै राख्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । राजनीतिक पार्टीले अब विकास र सामाजिक सुधारको अभियन्ताका रूपमा काम गर्नुपर्ने उनको भनाइ थियो ।

अध्यक्ष ओलीले मुलुकको विकास र समृद्धिका लागि संकल्प अभियान सञ्चालन गरेको बताए । उक्त यात्रामा अध्यक्ष ओलीसहित वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, सचिवहरू, स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटी सदस्यहरू, प्रदेश कमिटी लगायतका नेताहरू, प्राविधिक, विज्ञ सम्मिलित हुनुहुन्छ । बैतडीको झुलाघाटबाट मङ्सिर १४ गते सुरु यात्रा पुस १ गते पाँचथरको चिवाभञ्ज्याङ पुग्ने कार्यक्रम छ ।

## सहमतिका आधारमा संघीयताका बाँकी काम टुंगो लगाउनुपर्छ : देउवा

धनुषा- नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्रिय सहमतिका आधारमा संघीयताका बाँकी काम टुंगोमा पुर्‍याउनुपर्ने बताएका छन् ।

धनुषाको औरही गाउँपालिका-४ मा आज नेपाली कांग्रेसका पुराना नेता एवं धनुषा निर्वाचन क्षेत्र नं २ का पूर्वसभापति राजकिशोर सिंह राजपुतको सालिक अनावरण गर्नुहुँदै सभापति देउवाले संघीयतालाई बलियो बनाउन प्रदेशलगायत निकायले उठाइरहेका सवाल सम्बोधन गर्न राष्ट्रिय सहमतिको आवश्यकता औंल्याए ।

सभापति देउवाले प्रजातन्त्रका लागि पञ्चायतकालदेखि नै सक्रिय नेपाली कांग्रेसका प्रतिबद्ध नेता सिंहले पार्टी संगठन र परिवर्तनका लागि भएका आन्दोलनमा पुर्‍याएको योगदानको सम्मानका लागि पनि पार्टी नेता कार्यकर्तालाई क्रियाशील हुन आग्रह गरे । कार्यक्रममा पार्टीका पूर्वउपसभापति एवं प्रतिनिधिसभा सांसद विमलेन्द्र निधिले संविधानअनुसार दुई-दुईपटक निर्वाचन भइसक्दा पनि संघीयता कार्यान्वयनको महत्वपूर्ण काम बाँकी रहेको भन्दै दलहरूले गम्भीर बन्नुपर्नेमा जोड दिए ।

उनले परिवर्तनका लागि भएका सबै आन्दोलनको नेतृत्व मधेस र कांग्रेसले गरेका भन्दै संघीयता कार्यान्वयनको नेतृत्व पनि कांग्रेसले नै गर्नुपर्नेमा जोड दिए । आगामी महासमिति बैठकमा संघीयतासँग जोडिएका बाँकी काम, प्रदेशलाई बलियो बनाउन प्रहरी प्रशासन, निजामती कर्मचारी, स्थानीय तहले काठमाडौं धाउनुपर्ने अवस्था अन्त्य गर्ने विषय मुख्य एजेन्डा बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

त्यसैगरी पार्टी सहमहामन्त्री महेन्द्र यादवले कांग्रेस बलियो भएमा मात्रै संघीयता, मधेस र देश बलियो हुने भन्दै आगामी दिनमा पार्टीलाई थप बलियो बनाउन सबै एकढिक्का हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा पार्टी केन्द्रीय अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगाना, केन्द्रीय सदस्य एवं धनुषा क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सांसद रामकृष्ण यादव, पार्टीका प्रदेश सभापति एवं प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादव, धनुषा सभापति योगेन्द्र पजियार, स्व सिंहका छोरा डा कुनाल सिंहलगायतले संघीयता कार्यान्वयन, बेरोजगारी समस्या समाधान र विकासको गति बढाउन ठूलो पार्टीका हैसियतले कांग्रेसले अग्रसरता लिनुपर्नेमा जोड दिए ।

विसं २०१३ वैशाख २ गते जन्मिएर गत वर्ष मंसिर १ गते दिवंगत हुनुभएका सिंह लगातार चार कार्यकाल क्षेत्र नं २ को सर्वसम्मत सभापति भएका थिए । पञ्चायतकालमा प्रजातन्त्र पुनर्बहालीका लागि पार्टीको क्रियाशील सदस्य भएर लाग्ने थोरै नेताहरूमध्ये सिंह पनि एक थिए ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

**सूचना प्रकाशित मिति २०७९/०८/२६**

**यस www.onlinenews7.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं ।**

**www.onlinenews7.com परिवार**

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Sampaanata Overseas Pvt. Ltd.** इजाजत नम्बर : १५७९/०७९/०८० मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रो जगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदे शिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | रुबी ठाकुर | एकाउन्टेन्ट |
| २ | मनिका कुमारी महत्तो | डकुमेन्टेशन |
| ३ | शिभ कुमार दास | पि.आर.ओ |
| ४ | कुमार श्रेष्ठ | डकुमेन्टेशन |
| ५ | रेजिना तामाङ | रिशेप्सनिस्ट |
| ६ | सबिर अहम्मद हुशेन | पि.आर.ओ |

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## ताादी गाउँपालिका

**ताादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खरानीटार, नुवाकोट**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८०।०८।२६)**

यस कार्यालयवाट मिति २०८०।०५।३१ गते प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा निर्माण कार्य सम्बन्धि तादी गाउँपालिकाको ठेक्का Contract ID नं TRM/W/R/2080/81-4 को प्रकाशित सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित अंक सारभूत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|
| TRM/W/R/ 2080/81-4 | Chyan Dada Katarbot Dadako Pato Maurithum Sadak Starunnati | Bikesh-Rehan JV, Dupcheshwor 7, Nuwakot | १,६७,११,७८३।३५ |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEA MAP RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति: २०८०/०८/२४ | LT. No.296206 | चलानी नं. ६०२११२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADAT EXCELLENCE CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति: २०८०/०२/०७ | पून स्वीकृति मिति: २०८०/०८/२४ | LT. No.286412 | चलानी नं. ६०२०१७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kithcen Worker | 1 | 0 | 1000 | ३५६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RIYADAT EXCELLENCE CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति: २०७९/१२/२४ | पून स्वीकृति मिति: २०८०/०८/२४ | LT. No.284306 | चलानी नं. ६०१९९६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष ३ गते (19th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

